गोसाईकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रु, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं ०७६/०७७

च.नं. ६३४

मिति: २०७६/११/१८

विषय: बोलपत्र जमानत बापतको रकम दाखिला सम्बन्धमा ।

श्री कृषि बिकास बैक लिमिटेड
बैकिङ्ग कार्यालय, धुञ्चे, रसुवा ।

प्रस्तुत बिषयमा गोसाईकुण्ड गाउँपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत **गाउँपालिकाको भवन निर्माण गर्ने कार्यको** लागि आर्थिक अभियान दैनिकमा प्रकाशित मिति २०७६/८/२५ गतेको बोलपत्रको सूचना नं./ IFB No. GRM/BC/ 02/2076-077 बमोजिम रितपूर्वक यस कार्यालयमा दाखिला भएका बोलपत्रहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई मूल्याङ्कन समितिको प्रतिवेदन अनुसार **श्री गरीवी उद्धार ज्ञानेन्द्र घले एण्ड कुमार निर्माण सेवा म्यागन गाउँपालिका-२ नुवाकोटको** बोलपत्रको कबोल अंक भ्याट बाहेक रु. ४५,१०,४१२।१३ (पैतालिस लाख दश हजार चार सय बाह्र रुपैया पैसा तेह्र) सबै भन्दा कम भएको हुँदा उक्त बोलपत्र न्यून मूल्यांकित सारभुत रुपमा प्रभावग्राही ठहरिएकोले स्वीकृतको लागि छनौट गर्ने सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) बमोजिम उक्त **निर्माण सेवाको** बोलपत्र स्वीकृतीको लागि छनौट भएको र मिति २०७६/१०/१७ मा सोही दफाको उपदफा (२) बमोजिम स्वीकृत गर्ने आशयको पत्र जारी गरिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम यस कार्यालयमा कुनै निवेदन प्राप्त भएको नपाईएकोले उक्त **निर्माण सेवाको** बोलपत्र कार्यालयको मिति २०७६/१०/२६ को निर्णय बमोजिम स्वीकृत भई कार्यालयको च.नं. ६६६ मिति २०७६/१०/२६ को पत्रबाट सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा (३) बमोजिम पन्ध्र दिन भित्र खरिद संझौताको लागि कार्यसम्पादन जमानत पेश गर्न लेखिएकोमा उक्त निर्माण सेवाले कानूनमा तोकिएको अवधिभित्र तोकिए बमोजिमको कार्यसम्पादन जमानत पेश गरी संझौता गर्न यस कार्यालयमा उपस्थित हुनु पर्नेमा कार्यसम्पादन जमानत पेश गरेको नपाईएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ५ बमोजिम **श्री गरीवी उद्धार ज्ञानेन्द्र घले एण्ड कुमार निर्माण सेवा मेघाङ गाउँपालिका-२ नुवाकोटबाट** बोलपत्र जमानत वापत यस कार्यालयमा पेश गरेको तहाँ बैक लिमिटेडको च.नं. १०३ मिति २०७६/०९/२५ गतेको **जमानत नम्बर बि.बि. ०१३८/१०३/६७३१/०२०** को रु. २,५०,०००।- (अक्षरेपी दुई लाख पचास हजार) बराबरको जमानत रकम कार्यालयको मिति २०७६/११/१८ को निर्णयानुसार जफत गर्ने निर्णय भएको हुदा उक्त बोलपत्र जमानत बापतको रकम रु. २,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार) यस गाउँपालिकाको नेपाल बैक लिमिटेड धुञ्चे रसुवा शाखामा रहेको सञ्चित कोष खाता नं. १११०३०००००००४००१००४ मा दाखिला गरी सोको जानकारी यस कार्यालयमा दिनुहुन अनुरोध छ ।

२०७६।११।१८

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री गरीवी उद्धार ज्ञानेन्द्र घले एण्ड कुमार निर्माण सेवा
मेघाङ गाउँपालिका-२ नुवाकोट ।